# भूमे साप्ताहिक गतिविधि

वर्ष २ अङ्क २१ २०७७ पौष २० सोमबार



## सम्पादकीयः

### सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाइ

सार्जनिक निकायले सम्पादन गर्ने कार्यहरु र प्रवाह गर्ने सेवालाई छिटो, छरितो, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन व्यवस्थापन, सहयोग तथा साझेदारी र खबरदारी गर्ने जिम्मेवारी सेवा प्रदायक र सेवाग्राही दुवै पक्षको मुख्य जिम्मेवारी हो । सोही बमोजिम नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रक्रिया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तिको सुनिश्चितता गर्न सार्वजनिक निकायले सार्वजनिक जाफदेहिता प्रवर्द्धन सम्बन्धी विभिन्न औजारहरु प्रयोग गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ ।

सार्वजनिक कोष र सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक निकायहरुले सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो पेटिका राख्ने, गुनासो सुन्ने अधिकारी र गुनासो सुनुवाइ संयन्त्र, नागरिक वडापत्र जस्ता औजारहरुको अनिवार्य प्रयोगबाट सार्वजनिक जवाफदेहिता प्रवर्द्धनमा जोड दिनुपर्छ । सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका लागि अहिले विभिन्न खालका उपागम तथा सूचना र सञ्चार प्रविधिको प्रयोग समेत हुन थालेको छ । सार्वजनिक निकाय र सार्वजनिक पदाधिकारीहरुलाई सेवा प्रवाह र सार्वजनिक कोषको अधिकतम् जिम्मेवार बनाउन र कार्यसम्पादनमा सहयोग गर्न अपनाइने उल्लिखित विभिन्न उपागम तथा औजारहरु मध्ये वस्तीस्तरसम्म धेरैले सुनेको औजार सार्वजनिक सुनुवाइ हो । हरेक सार्वजनिक निकायले प्रत्येक आर्थिक वर्षमा कम्तिमा चौमासिक अवधिमा कार्यालयबाट सञ्चालित सम्पूर्ण योजना, कार्यक्रम र सेवा प्रवाहको बारेमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने कानूनी व्यवस्था समेत रहेको छ ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा सार्वजनिक निकायले प्रवाह गरेको सेवाको गुणस्तर र प्रभावकारिता, सार्वजनिक निकायका पदाधिकारीले निर्वाह गर्नुपर्ने जिम्मेवारीको परीक्षण, गुनासो व्यवस्थापनका साथै अघिल्लो सार्वजनिक सुनुवाइ कार्यक्रममा गरिएका प्रतिवद्धताको कार्यान्वयनको अवस्था, नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको नतिजा, सेवा प्रवाहका सम्बन्धमा प्राप्त जनगुनासो र सुझावको विवरण र त्यस्ता विषयमा भए गरेका प्रयास, अनुगमन समितिको प्रतिवेदनका मुख्य मुख्य विषयहरु, सामाजिक प्रतिवेदनको मुख्य विषयहरु, योजना बजेट तथा कार्यक्रम सम्बन्धी विषयवस्तुहरुको प्रस्तुत गरी सेवाग्राही, उपभोक्ता र सेवा प्रदायक निकायबीच एकै थलोमा बसी सवालजवाफ र छलफल गरिन्छ । सार्वजनिक निकायको भूमिका र कार्यसम्पादनका सम्बन्धमा सरोकारवाला निकायहरु सबै एकै स्थानमा बसी छलफल गर्दा एकातिर सेवा प्रदायक निकायलाई आफ्नो जिम्मेवारी निर्वाह र जवाफदेहिता प्रवर्द्धनमा थप जिम्मेवार बनाउन सहयोग पुग्छ भने अर्को तर्फ सेवाग्राही उपभोक्ताहरुले सार्वजनिक निकायबाट प्राप्त गर्ने सेवा प्रवाह र प्रक्रियाका साथै कार्यसम्पादन अवस्था बारे जानकार हुने अवसर प्राप्त हुन्छ । जनताका सामू आफूले सम्पादन गरेका हरेक कामकारबाहीको प्रगति र जवाफ दिनुपर्ने भएकाले सार्वजनिक निकायका पदाधिकारीलाई अनियमितता र स्वेच्छाचारिताबाट रोक्न सहयोग पुग्ने भएकाले सार्वजनिक कोषको सही रुपमा परिचालन र सदुपयोग गर्न समेत सघाउँछ सार्वजनिक सुनुवाइ कार्यक्रमले । सार्वजनिक सुनुवाइ कार्यक्रमलाई सार्वजनिक निकाय, कार्यालयका साथै गाउँस्तरमा विकासका क्रियाकलाप सञ्चालन गर्ने निकाय र उपभोक्ता समितिलाई सार्वजनिक सुनुवाई अनिवार्य गरिएको भएता पनि टोलस्तरमा हुने कतिपय सार्वजनिक सुनुवाइ कार्यक्रम औपचारिक मात्र हुने पाइएकाले यस विषमा सम्बन्धित सबै सरोकारवालाको ध्यान जान जरुरी छ ।


**प्रकाशकः**

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# प्रथम चौमासिक अवधिको समीक्षा सम्पन्न

*१५ पुस २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रूकुम (पूर्व) ले चालु आर्थिक वर्ष २०७७।०७८ को प्रथम चौमासिक अवधिमा सम्पादन गरेका क्रियाकलापहरुको चौमासिक समीक्षा कार्यक्रम सम्पन्न गरेको छ।



गाउँपालिका सभाहलमा मिति २०७७।०९।१४ गते भएको चौमासिक समीक्षा बैठकमा गाउँपालिकाका विषयगत शाखाहरु शिक्षा, यूवा तथा खेलकूद शाखा, प्रशासन योजना तथा अनुगमन शाखा, आर्थिक प्रशासन शाखा, भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक विकास शाखा अन्तर्गतका स्वास्थ्य एकाइ, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्रका साथै रोजगार सेवा केन्द्र, सामाजिक सुरक्षा एकाइले श्रावणदेखि कार्त्तिक मसान्तभित्रमा सम्पादन गरेका मुख्य मुख्य क्रियाकलापहरु, योजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा समाधानका उपायहरु समेटी प्रस्तुतिकरण गरेका थिए । विषयगत शाखा तथा एकाइहरुबाट सम्पादन भएका क्रियाकलापका सम्बन्धमा वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षले समीक्षात्मक टिप्पणी गर्दै प्रथम चौमासिक अवधिमा वर्षायाम्, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सन्त्रास र चाडपर्वसमेत पर्ने भएकाले तोकिए बमोजिम लक्ष्य हासिल गर्न कठिन हुने भएता पनि समग्रमा सन्तोषजनक नै रहेको र दोस्रो चौमासिक अवधिमा अन्य चौमासिक अवधिभन्दा बढी मेहनत गर्नुपर्नेमा जोड दिनुभयो । विकास क्रियाकलापतर्फ करिब ९५ प्रतिशत आयोजनाको सर्वे र ८६ प्रतिशत आयोजनाहरुको लागत अनुमान तयार भई ६५ प्रतिशत योजना तथा कार्यक्रमको सम्झौता पनि भैसकेकोमा भुक्तानीतर्फ भने हालसम्म पूँजीगततर्फ ६ प्रतिशतमात्र खर्च हुनु सन्तोषजनक नरहेकोले कार्यसम्पन्न र भुक्तानी कार्यमा समेत सबै जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुले थप मेहनत र जोड गर्नुपर्ने कुरा समीक्षकहरुबाट टिप्पणी भएको थियो ।

गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरको अध्यक्षतामा सम्पन्न चौमासिक समीक्षा कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मनकुमारी बुढा विष्ट, प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, वडा नं. १, २, ३ ४, ५, ६, ७ र ८ का वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विषयगत शाखा/एकाइ प्रमुख तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## समृद्ध राष्ट्र निर्माणका लागि यूवा विचार लेखन प्रतियोगिता सम्पन्न

*१९ पुस २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिका, रुकुम (पूर्व)ले समृद्ध राष्ट्र निर्माणका लागि यूवा विचार लेखन प्रतियोगिता सम्पन्न गरेको छ। नेपाल सरकारबाट पालिकालाई जिल्लास्तरको प्रतियोगिता सञ्चालन गर्न प्राप्त सशर्त अनुदानतर्फ यूवा प्रतिभा पहिचान र कार्यक्रम कार्यान्वयनका लागि राष्ट्रिय यूवा परिषद् सानोठिमी भक्तपुरको पत्र बमोजिम "समृद्ध राष्ट्र निर्माणका लागि युवा विचार लेखन प्रतियोगितामा सहभागी हुन चाहने १६ वर्षदेखि २४ वर्षसम्मका रुकुम (पूर्व) जिल्लाबासी यूवाहरुलाई पालिकाको मिति २०७७।७।२७ को २१ दिने सूचना बमोजिम दर्ता भएका प्रतियोगीहरुलाई पुस १८ गतेका दिन गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगरमा निर्धारित समयावधिभित्र विचार लेखन प्रतियोगिता सञ्चालन गरिएको थियो।

प्रतियोगितामा सहभागी ६ जना प्रतिस्पर्धीहरुले २ घण्टा ३० मिनेटभित्रमा लेखेको निबन्धलाई शिक्षा यूवा तथा खेलकूद शाखाका शाखा प्रमुख कौशल कुमार तिवारीको संयोजकत्वमा सिस्ने शिक्षा क्याम्पस प्रमुख तीव्र गौतम र स्थानीय बुद्धिजिवी अजय मगर रहेको मूल्याङ्कन समितिले मूल्याङ्कन कार्य समेत सम्पन्न गरेको छ । कार्यालयबाट मिति २०७७।०९।१९ गते प्रकाशित सूचना अनुसार यूवा विचार लेखन प्रतियोगितामा भूमे गाउँपालिका ८ निवासी सनम बुढा मगर प्रथम, भूमे ४ निवासी विरजङ बुढा मगर द्वितीय र भूमे ६ निवासी किस्मत सुनारले तृतीय स्थान हासिल गर्नुभएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीहरूले क्रमशः ११ हजार, ९ हजार र ६ हजार नगद पुरस्कार र प्रमाण पत्र प्राप्त गर्नेछन् भने प्रथम स्थान हासिल गर्ने प्रतियोगीले प्रदेश स्तरको प्रतियोगितामा समेत सहभागी हुन अवसर पाउने छन् ।

## गाउँ कार्यपालिकाको बैठक सम्पन्न

***१५ पौष २०७७, खाबाङबगर ।***

भूमे गाउँपालिकाको गाउँ कार्यपालिका बैठक सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरज्यूको अध्यक्षतामा मिति २०७७ पुस १५ गते बसेको बैठकले प्रथम चौमासिक अवधीको समीक्षा, बैठक निर्णय कार्यान्वयन तथा मासिक प्रगति समीक्षा, आवधिक योजना तर्जुमा निर्देशक समिति गठन, भूमि बैंक सञ्चालन सम्बन्धी प्रस्ताव, स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन स्वीकृति लगायत १० वटा प्रस्तावहरु माथि छलफल तथा निर्णय गरेको छ । बैठकका प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त विवरण देहाय बमोजिम रहेका छन्:

- कार्यपालिकाले प्रथम चौमासिक अवधिमा गाउँपालिका र अन्तर्गतका सबै शाखा/एकाइ तथा कार्यालयहरुबाट प्रथम चौमासिक अवधिमा सम्पादन भएका योजना तथा कार्यक्रमहरुको क्षेत्रगत

समीक्षा गर्दै प्रथम चौमासिक अवधि सन्तोषजनक रहेको र आगामी दिनमा थप प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरेको छ।

- मासिक समीक्षा अन्तर्गत मङ्सिर महिनाको कार्यसम्पादन सन्तोषजनक रहेको र बैठकका निर्णयहरु कार्यान्वयनमा थप जोड दिएको छ ।
- गाउँपालिकाको आवधिक योजना तर्जुमाको समग्र प्रक्रियालाई निर्देशन र समन्वय गर्न गाउँपालिका अध्यक्षको संयोजकत्वमा उपाध्यक्ष, कार्यपालिका सदस्यहरु, विषयगत शाखा प्रमुखहरु सदस्य रहने प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव रहने गरी निर्देशक समिति गठन गरेको छ
- गाउँपालिकामा सञ्चालन हुने मेडपा कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जनाका लागि वडा नं. ७ र ८ लाई छनौट गर्ने निर्णय गाउँपालिकाले गरेको छ।
- गाउँपालिकामा रहेका बाँझो तथा पर्ती जग्गाहरुलाई अधिकतम् उपयोग गर्न भूमि बैंक एकाइ स्थापना गर्न नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसमक्ष अनुरोध गरी पठाउने निर्णय गरेको छ ।
- गाउँपालिका उपाध्यक्ष मनकुमारी बुढा विष्टको संयोजकत्वमा रहेको स्थानीय राजस्व परामर्श समितिले आर्थिक वर्ष २०७८।७९ का लागि गाउँपालिले उठाउने कर तथा राजस्वको दर, दायरा र राजस्व सुधारका लागि सुझाव समेटी पेश भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरेको छ ।

## चुनबाङमा खानेपानी तथा सरसफाई सम्बन्धी अन्तरक्रिया

***१९ पुस २०७७, खाबाङबगर***



भूमे गाउँपालिकाको आर्थिक सहयोग र रुकुमेली समाज विकास केन्द्र रुकुमको प्राविधिक सहयोगमा सञ्चालित खानेपानी तथा सरसफाइ कार्यक्रम कार्ययोजना अन्तर्गत भूमे गाउँपालिकाको नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भूमे ९ चुनबाङमा विद्यालय स्तरीय खानेपानी तथा सरसफाई सम्बन्धी (वास) अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । अन्तरक्रिया कार्यक्रममा सरसफाइको महत्त्व, आनीबानीमा परिवर्तन कसरी ल्याउने, आफ्नो व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइलाई कसरी दिगोपना ल्याउने लगाएतका विषयमा छलफल गरिएको थियो । नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टेक बहादुर बुढाको अध्यक्षतामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा सोही विद्यालयका प्रधानाध्यापक मानसिं डाँगीको आतिथ्यता रहेको थियो । अन्तरक्रिया कार्यक्रमको सहजीकरण रुकुमेली समाज विकास केन्द्र रुकुमका वास अधिकृत संगम देवकोटाले गर्नु भएको थियो ।

## ७ नं. वडा स्तरीय सरसफाई समन्वय समितिको बैठक सम्पन्न

*१७ पुस २०७७, खाबाङबगर ।*




रुकुम (पूर्व) भूमे गाउँपालिकाको आर्थिक सहयोग र रुकुमेली समाज विकास केन्द्र रुकुमको प्राविधिक सहयोगमा सञ्चालित खानेपानी तथा सरसफाइ कार्यक्रम कार्यन्वयन कार्ययोजना अन्तर्गत भूमे गाउँपालिका वडा नं. ७ धर्मशालामा वडा स्तरीय सरसफाइ समन्वय समितिको बैठक सम्पन्न भएको छ । वडा स्तरीय सरसफाइ समन्वय समितिका संयोजक संयोजक तथा वडा अध्यक्ष धनमान रोकाको अध्यक्षतामा बसेको बैठकमा संयोजक रोकाले सरसफाइ नगरेसम्म कुनै पनि कार्य गर्न नसकिने भएकाले सरसफाइसम्बन्धी मापदण्ड वडाबासी सबैले पालना गर्नु पर्नेमा जोड दिनुभयो । व्यक्तिगत सरसफाइ, घरायसी सरसफाइ र वातावरणीय सरसफाइको विषयमा सबै नागरिकहरु लाग्न संयोजक रोकाले अनुरोध गर्नु भएको छ । उक्त बैठकमा महिला स्वयंसेविका, जनशक्ति मा. वि. महतका शिक्षक शिक्षिकाहरु, टोल विकास संस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो । बैठकको सहजीकरण रुकुमेली समाज विकास केन्द्र रुकुमका वास अधिकृत संगम देवकोटाले गर्नु भएको थियो ।

## राजस्व परामर्श समितिद्वारा गाउँ कार्यपालिका समक्ष प्रतिवेदन पेश

*१४ पुस २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिका रुकुम (पूर्व) को स्थानीय राजस्व परामर्श समितिले गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को लागि राजस्वका दर र दायरा, राजस्व सुधारमा चाल्नुपर्ने कदम सम्बन्धी सिफारिस सहितको वार्षिक प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका समक्ष पेश गरेको छ ।




नेपालको संविधानको धारा २३० बमोजिम गाउँ कार्यपालिकाले गाउँ सभामा पेश गर्ने वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य र आर्थिक विधेयकमा समावेश गर्नुपर्ने राजस्वका नीति, कानून, करका दर र दायराहरु, संगठन संरचना र कार्यप्रक्रिया तथा तिनमा गर्नुपर्ने सुधारका विषयमा गाउँ कार्यपालिकालाई सुझाव सिफारिस गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सदस्य, कार्यपालिकाले तोकेको एक जना महिलासहित दुई जना सदस्य, घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष सदस्य, निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा प्रतिनिनि सदस्य र राजस्व शाखा प्रमुख सदस्य सचिव रहने एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिले आफ्नो प्रतिवेदन पुस १५ गतेभित्र गाउँ कार्यपालिकामा पेश गर्ने र गाउँ कार्यपालिकाले पुस मसान्तभित्र संघीय मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ ।

# स्वास्थ्य विषय शिक्षण गर्ने शिक्षकहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि २ दिने तालिम कार्यक्रम सम्पन्न

*१७ पुस २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिकाको स्वीकृत वार्षिक कायक्रम बमोजिम शिक्षा युवा तथा खेलकुद शाखाले गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुमा स्वास्थ्य विषय शिक्षण गर्ने शिक्षकहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि २ दिने तालिम कार्यक्रम सम्पन्न गरेको छ ।




सामुदायिक विद्यालयमा स्वास्थ्य विषय शिक्षण गर्ने शिक्षकहरुलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी थप जानकारी दिन, शिक्षण गर्ने क्रममा आइपरेका समस्या समाधान र शैक्षिक क्रियाकलाप बारे अनुभव आदान प्रदान गरी विद्यालयमा यौन दूर्व्यवहार तथा लैङ्गिक हिंसा न्यूनिकरणमा जोड दिन तालिमको आयोजना गरिएको शिक्षा युवा तथा खेलकुद शाखाका शिक्षा अधिकृत कौशल कुमार तिवारीले बताउनुभयो । तालिमपश्चात सबै सामुदायिक विद्यालयमा अध्यनरत किशोर अवस्थाका किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि विचारहरु अभिव्यक्त गर्न र आफ्नो समस्या तथा गुनासो सहज रुपमा व्यक्त गर्न सबै विद्यालयमा गुनासो सुनुवाई अधिकारी वा गुनासो पेटिकाको व्यवस्थापन गर्ने प्रतिबद्धता पनि व्यक्त गरियो। तालिममा गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयका स्वास्थ्य विषय अध्यापन गर्ने शिक्षकहरुको सहभागिता रहेको थियो। प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठको अध्यक्षतामा उद्घाटन तथा समापन भएको उक्त तालिमको सहजीकरण भूमे गाउँपालिका शिक्षा यूवा तथा खेलकूद शाखा प्रमुख कौशल कुमार तिवारी, स्वास्थ्य संयोजक जनस्वास्थ्य निरीक्षक उपेन्द्र यादव र हेल्थ असिस्टेण्ट सञ्जिव

खड्काले गर्नुभएको थियो सञ्चालन शिक्षा यूवा तथा खेलकुद शाखाका प्राविधिक सहायक टेक बहादुर बुढाथोकीले गर्नेभएको थियो ।

## अनन्त ए.जी.मण्डली भूमे ३ सिमाको चर्च भवन समर्पण कार्यक्रम :

*१७ पुस २०७७, खाबाङबगर ।*

रुकुम पूर्व जिल्ला भूमे गाउँपालिका वडा नं. ३ मा क्रिष्टियन धर्मालम्बीहरको अनन्त ए.जी. मडली चर्च भवनको समर्पण कार्यक्रम सम्पन्न भएको छ । मिति २०६४ सालमा स्थापना भएको भूमे गाउँपालिका वडा नं. ३ को अन्नत ए.जी. मण्डली हाल सम्म कच्ची भवनमा आफनो संगति गर्दै आएको थियो । नेपालको संविधानले धर्मनिरपेक्षेता घोषणा गरेसंगै यस भूमे ३ सिमामा पनि ईसाइ धर्मालम्वीले आफ्नो संगति सुरु गरेका हुन अहिले पहिलेको पूरानो ठाँउको भवन जिर्न भन्दै गएको र वर्षा याममा पहिरोको अति जोखिम भएको कारण चर्चलाई पु:न स्थापना नयाँ ठाउँमा गरिएको हो । म्डलीको सम्पूर्ण विश्वासीहरुले चर्चकव ज्गाको निम्ति प्रतिज्ञा गरेर जग्गा किनिएको र फेरी अर्को चोती को प्रतिज्ञा बाट मण्डली भवन निर्माण गर्ने प्रतिज्ञा गरेको हो । जम्मा २० लाख १८ हजार त्रिरानव्वेको लगानीमा बनेको भवन आमा मण्डली क बेथेल एजी मण्डली काठमाण्डौबाट १२००००० र अन्य सवै मण्डलीको विश्वासीको प्रतिज्ञा र जनश्रमदानबाट बनेको अनन्त एजी मणडलीका पास्तर जोग बहादुर पुनले बटाउनु भयो । हालसम्म आय तर्फ १६ लाख १६ हजार ५ सय भएको र बाँकी रकम तिर्न बाकी रहेको पनि उहाँले बटाउनु भयो ।रेभरियन पास्तर तिलक छन्ट्यालको प्रमुख अथित्यता रहेको कार्यक्रमा भूमे गाउँपाललिकाका उपाध्यक्ष मनकुमारी बुढा विष्टको विशेष अतिति रहेको थियो । त्यसैगरी अतिथिमा नेकपा रुकुम पश्चिमका जिल्ला सदसस्य तारक स्वर्णकार,३ नं. वडा सदस्य लिला प्रसाद सुनार,५ नं. वडा सदस्य र यस क्षेत्रभरीका मण्डलीहरुको पास्तरहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमा वोल्दै भूमे गाउँपालिका उपाध्यक्ष मन कुमारी बुढा विष्टले तत्कालिन माओवादीले विगतको १० वर्षे जनयुद्धमा धर्मनिरपेक्षता ,समावेसीकरण समानताको नारा उठाएर हिडेको र अमुल्य शहिदहरुको त्याग र तपस्याका कारण अहिले खुलेर धर्ममा लाग्न सहज भएको बटाउनु भयो । र यस परिस्थितिमा पछिल्लो राजनैतिको अवस्थामा सबै असंवैधानिक कदमको विरुद्ध एकजुत भएर लाग्न पनि आग्रह गर्नुभयो । त्यसैगरी नेकपा रुकुम पश्चिमका जिल्ला सदस्य तारक स्वर्णकारले पनि नेकपाकव दस्तावेज र इशाईहरको बाइबलको धेरं कुरा मिल्दो भएको बटाउनु भयो। उहाले भन्नुभयो यदि इकजुत भएर कामको धालनी गर्नु छ भने त्यो क्रिष्टियनहरुबाट सिक्नुपर्ने बटाउनुभयो। नेकपाको साम्यबाद नारा र क्रिष्टियनहरुको समाजलाई सकरात्मक बाटोमा दोर्‍याउने लक्ष एउटै भएको बटाउनुभयो । स्थानीय मण्डलीका पास्तर जोग बहादुर पुनको अध्यक्षतामा भएको कार्यक्रममा भूमे ६ महतका पास्तर सुर्वण सुनारको स्वागत मन्तव्य रहेको थियो भने कार्यक्रमको सञ्चालन पास्तर रेबिका पुनले गर्नुभएको थियो ।

## साताको रचनाः

### बित्थै आत्महत्या (कविता)



जन्मेयौ हामी यो संसारमा केही उदेश्यले ।

अनि किन गर्ने त आत्महत्या नराम्रो दृश्यले ।।

मरेर पनी सुख पाईदैन भने के गर्ने।

फेरी तहाँबाट स्वर्ग र नर्गबाट अन्तै सर्ने ।।

बरु यही छ जीवन यही लड्नु छ भनेर सोच्नुहोस् ।

अरुको दबाव र दमनलाई मतलब नगरेर अगाडी बढ्नुहोस् ।

किन भने तपाईको अघि तपाईको परिवार छ ।

त्यसैले जानी जानी आत्महत्या गर्नु वेकार छ ।।

हिड्नुस् लड्नुस उठ्नुहोस् तर आत्म हत्या नर्गनुहोस्।

जे जे आउछ गाह्रो सहनुहोस र आफु अगाडी बड्नुहोस्।।

इ. प्रदिप कुमार हरिजन
इन्जिनियर छैटौं तह, भूमे गाउँपालिका
स्थायी ठेगानाः नेपालगञ्ज, बाँके ।

## साताको सूचनाहरु

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

**Bhume Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Khabangbagar, Rukum (East)**

**Lumbini Province, Nepal**

# Invitation for Bids

## Invitation for Bids for Road Construction

**Contract Identification No: EGP/BRMO/NCB/W-2/2077-78, EGP/BRMO/NCB/W-3/2077-78**

**Date of publication: 03/01/2021 A.D. (2077/09/19 B.S.)**

1. Bhume Rural Municipality *has allocated funds for Road Constructions* and intends to apply part of the funds to cover eligible payments under the Contract *for following Name: Rika-Lukum-Maring-Thabang Road Construction (ID No. of Contract: EGP/BRMO/NCB/W-2/2077-78) and* Nakhe-Runchi-Tamari *Road Construction (ID No. of Contract: EGP/BRMO/NCB/W-3/2077-78).* Bidding is open to all eligible domestic bidders.
2. *Rural Municipality* invites electronic bids from eligible domestic bidders for the construction of following roads under National Competitive Bidding–Single Stage: One Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at *Bhume Rural Municipaity, Office of the Rural Municipal Executive, Khabangbagar, Rukum(East), Lumbini Province, Nepal, Email: bhumemun@gmail.com, Phone: 9824593456 ,9813857804* or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. The name and identification of the contracts are as follows:

| Contract ID No. | Description of Work | Estimated Amount, NRs (inc. VAT) | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) | Rem. |
|---|---|---|---|---|---|
| EGP/BRMO/ NCB/W-2/2077-78 | Rika-Lukum-Maring-Thabang Road Construction | *69,46,359.90* | 1,64,000 | 3000 | |
| *EGP/BRMO/ NCB/W-3/2077-78* | Nakhe-Runchi-Tamari *Road Construction* | *58, 46,272.46* | 1,95,000 | 3000 | |

5. Bidders can download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified Bank details with non-refundable fee as per mentioned above till 02/02/2021 A.D. (2077/10/20 B.S.) during office Hours.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank: Citizens International Bank Ltd. ,Bhume Branch**
**Name of Office: Bhume Rural Municipality, Khabagbagar,Rukum(East)**
**Account name and no.: GA 1.1 Bhume Ga.Pa. Aantarik Rajaswa Khata , 0780100000001202**

6. **electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before12:00 Noon on 03/02/2021 (2077/10/21 B.S.). Bids received after this deadline will be rejected.**
7. **The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 *0n 03/02/2021 (2077/10/21 B.S.)* at the office of Bhume Rural Municipality, Khabangbagar, Rukum (East). Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid amounting to a minimum amount of as per mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.**

***Information to deposit for bid security in Bank:***

**Name of the Bank: Citizens International Bank Ltd. ,Bhume branch**
**Name of Office : Bhume Rural Municipality, Khabagbagar,Rukum(East)**
**Account name and no.: GA3 Bhume Ga.Pa. Dharauti Khata, 0780100000030201**

8. **If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.**

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

**भूमे गाउँपालिका**
# गाउँ कार्यपालिकाको कार्यालय
**खाबाङबगर, रुकुम (पूर्व)**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र सूचनामा सच्याइएको सूचना

यस कार्यालयबाट मिति २०७७।०९।१९ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा निम्नानुसारको सडक निर्माणका लागि अनलाईनमार्फत बोलपत्र (**electronic bid**) आव्हानको सूचना प्रकाशन गरिएकोमा **Bid- Security Amount** फरक पर्न गएकाले देहाय बमोजिम सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| Contract ID No. | Description of Work | Estimated Amount, NRs (inc. VAT) | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) | Rem. |
|---|---|---|---|---|---|
| EGP/BRMO/NCB/W-2/2077-78 | Rika-Lukum-Maring-Thabang Road Construction | *69,46,359.90* | 1,95,000 | 3000 | |
| *EGP/BRMO/NCB/W-3/2077-78* | Nakhe-Runchi-Tamari *Road Construction* | *58, 46,272.46* | 1,64,000 | 3000 | |

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः**

**भूमे गाउँपालिका, गाउँ सभाको अधिवेशन बस्ने सम्बन्धी सूचना**

भूमे गाउँपालिका गाउँ सभाको अधिवेशन निम्न मिति, समय र स्थानमा बस्ने भएकाले गाउँसभाका सबै पदाधिकारीज्यूहरुलाई निम्न, मिति, समय र स्थानमा उपस्थितिको लागि आदेशानुसार अनुरोध छ ।

**मितिः** २०७७ पुस २८ गत्ते

**समयः** बिहान ११ बजे

**स्थानः** भूमे गाउँपालिकाको सभाहल

प्रमुख प्रशासकीय अधिकृत

**भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक सम्बन्धी सूचना**

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक निम्न मिति, समय र स्थानमा बस्ने भएकाले गाउँ कार्यपालिकाका सबै सदस्यज्यूहरुलाई निम्न, मिति, समय र स्थानमा उपस्थितिको लागि आदेशानुसार अनुरोध छ ।

**मितिः** २०७७ पुस २७ गत्ते

**समयः** दिउँसो ३ बजे

**स्थानः** भूमे गाउँपालिकाको सभाहल

प्रमुख प्रशासकीय अधिकृत

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** प्रशासन, योजना तथा अनुगमन शाखा

**सार्वजनिक सुनुवाई हुने सम्बन्धी अत्यन्त जरुरी सूचना**

यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय एवम् मातहतका कार्यालय/शाखा/एकाइबाट चालु आर्थिक वर्ष २०७७/०७८ को प्रथम चौमासिक अवधिमा सम्पादन भएका कार्य तथा सेवा प्रवाहको अवस्था बारे जानकारी लिन/दिन निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम रहेकाले गाउँपालिकाभित्रका सबै जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजिवी, कर्मचारी लगाएत सबै सरोकारवालाहरुलाई उपस्थितिको लागि अनुरोध छ ।

**मितिः** २०७७ पुस २७ गत्ते

**समयः** बिहान ११ बजे

**स्थानः** भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्राङ्गण

प्रमुख प्रशासकीय अधिकृत

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** प्रशासन, योजना तथा अनुगमन शाखा

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा सार्वजनिक सूचना

*(प्रकाशन मिति २०७७/०९/२०)*

लुम्बिनी प्रदेश रुकुम (पूर्व) जिल्ला भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय द्वारा देहाय बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) |
| प्रस्तावको व्यहोरा | सानीभेरी नदीको बायाँ किनाराअन्तर्गत भूमे ५ वाबाङखोलादेखि बालुवासम्म ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गर्ने सम्बन्धमा सरोकारवालाको राय सुझाव संकलन गर्ने |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुकुम (पूर्व) जिल्ला भूमे गाउँपालिका वडा नं. ५ को वाबाङदेखि बालुवासम्म |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न भूमे गाउँपालिका, ५ नं. वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) इमेलः bhumemun@gmail.com, सम्पर्क फोनः ९८०८५०२०२३ |
| परामर्शदाताको नाम र ठेगाना | रुर्बान इन्जिनिरिङ कन्सल्टेन्सी प्रा.लि. मुसिकोट-१, रुकुम (पश्चिम) फोनः ९८६६८७३४७९ इमेलः basnetkaji90@gmail.com |

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** प्रशासन, योजना तथा अनुगमन शाखा

कम्पनी दर्ता नं. [illegible] CTEVT सम्बन्धन पत्र नं.: [illegible] प्यान नं. [illegible]

CTEVT बाट सम्बन्धन प्राप्त

# सुनछहरी प्राविधिक शिक्षालय

घोराही दाङ

स्था: २०७३

प.सं. : २०७६/०७७ मिति : २०७७/०९/०८

च.नं. : २४

**श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,**
**रोल्पा, रुकुम पुर्व, प्युठान र दाङ जिल्लाका**
**सबै गाउँपालिका तथा नगरपालिकाहरु**

**विषय : ५० प्रतिशत शुल्कमा छात्रवृत्तिमा विद्यार्थी भर्ना सम्बन्धमा ।**

प्रस्तुत् विषयमा यस सुनछहरी प्राविधिक शिक्षालय २०७३ सालमा कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता भई कर कार्यालय तुल्सीपुर दाङबाट स्थायी लेखा नम्बर प्राप्त गरी घोराही दाङमा स्थापना भएको प्राविधिक शिक्षा तथा तालिम प्रदान गर्ने शैक्षिक संस्था हो । CTEVT बाट सम्बन्धन प्राप्त गरी स्थापनादेखि विभिन्न प्राविधिक विषयहरुमा तालिम प्रदान गर्दै आइरहेको छ ।

यस शिक्षालय र सिप विकास प्रतिष्ठान काठमाण्डौको सहकार्यमा लुम्बीनी प्रदेशका रुकुम पुर्व, रोल्पा, प्युठान र दाङ जिल्लाका आर्थिक स्थिति कमजोर भएका यस क्षेत्रमा रहिराखेका व्यक्तिहरुलाई ५० प्रतिशत छात्रवृत्तिमा छोटो अवधीका (एक वर्ष) तपसिलमा उल्लेखित कोर्षको लागि सम्बन्धित वडाको सिफारिसको आधारमा भर्ना गरी तालिम संचालन गर्ने यही २०७७ पौष महिनाको मसान्तसम्म भर्नाको समय निर्धारण गरिएकोले त्यस गाउँपालिका/नगरपालिका भित्रका ईच्छुक भाइबहिनीहरुलाई जानकारी गराई सिफारिस गरी पठाउन वडा कार्यालयहरुलाई जानकारी गराईदिनका लागि अनुरोध गर्दछौं ।

**तपसिल**

**आवश्यक संख्या**

१) उद्यम विकास सहजकर्ता (EDF) level 2 (चार जिल्लाको जम्मा १०० जना)

२) Computer System Administrator and Developer (चार जिल्लाको जम्मा ५० जना)

**अन्य सेवा तथा शर्तहरु**

१. शिक्षण शुल्क दुवै विषयको (एउटा कोर्ष पुरा गर्न लाग्ने जम्मा शुल्क रु. ७० हजार) लागि ५० प्रतिशत छात्रवृत्तिले हुन आउने रकम रु. ३५०००।/ प्रति व्यक्ति भुक्तानी गर्नुपर्ने छ । यस बाहेक शिक्षालयमा शिक्षण शुल्क लाग्ने छैन ।
२. तालिम अवधीमा खाना तथा बस्नको व्यवस्था विद्यार्थी आफै गर्नुपर्ने छ ।
३. शिक्षालयले तोकेको ड्रेसको व्यवस्था आफै गर्नुपर्ने छ ।
४. राष्ट्रिय सिप परिक्षण समिति (NSTB) ले लिने सिप परिक्षणको लागि शुल्क आफै तिर्नुपर्ने छ ।
५. वडाको सिफारिस अनिवार्य चाहिनुपर्ने छ ।
६. कक्षा संचालन माघ ४ गते आइतबारबाट सुनछहरी प्राविधिक शिक्षालय घोराही दाङमा हुनेछ ।
७. तोकिएको संख्या पुरा भएमा भर्ना प्रक्रिया बन्द हुने भएकोले जती सक्दो छिटो भर्ना हुनु पर्नेछ ।

थप जानकारीका लागि शिक्षालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क : ०८२५६२०७, ९८४७५८९२२

इमेल : [illegible]@gmail.com

तोयाराम डाँगी
प्रबन्ध निर्देशक

"प्राविधिक शिक्षा आजको आवश्यकता, आत्मनिर्भरताका लागि व्यवसायिक शिक्षा"
सम्पर्क नम्बर : [illegible]
इमेल : sunchhahari073@gmail.com, वेब साइट : www.sunchhahari.org.np

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** शिक्षा, यूवा तथा खेलकूद शाखा

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**विचार लेखन प्रतियोगिता नतिजा प्रकाशन सम्बन्धी सूचना ।**
**मिति:** २०७७/०९/१९

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय युवा परिषद् सानोठिमी, भक्तपुर द्वारा मिति २०७७/०६/०५ मा स्वीकृत **युवा तथा प्रतिभाहरुको खोजी प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यप्रक्रिया २०७७** बमोजिम मिति २०७७/०९/१८ गते सञ्चालित " **समृद्ध राष्ट्र निर्माणका लागि युवा विचार लेखन प्रतियोगिता"** को नतिजा मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन गरिएको प्रतियोगीहरुको प्राप्ताङ्को आधारमा तपसिल बमोजिमका सफल प्रतियोगीहरु पुरस्कार वितरण कार्यक्रममा तससिलको मिति, समय र स्थानमा उपस्थिति हुन जानकारी गराईन्छ ।

**तपसिल:-**

| क्र.सं. | प्रतियोगीको नाम/थर | ठेगाना | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | सनम बुढा मगर | भूमे- ८ रुकुम(पूर्व) | प्रथम | |
| २ | विरजङ बुढा मगर | भूमे ४ रुकुम(पूर्व) | द्वितीय | |
| ३ | किस्मत सुनार | भूमे ६ रुकुम(पूर्व) | तृतीय | |

मिति: २०७७/०९/२० गते
समय: ११ बजे बिहान
स्थान: **भूमे गाउँपालिकाको कार्यालय** खावाङ बगर रुकुम(पूर्व)

कौशल कुमार तिवारी
शिक्षा अधिकृत (छैटौं)

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** शिक्षा, यूवा तथा खेलकूद शाखा

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
मिति: २०७७/०९/१९

प.सं. शिक्षा (प्रशासन)/०७७/७८
च.नं.: २६

**विषय: परिपत्र ।**

श्री आधारभूत विद्यालय सबै ।
श्री माद्यामिक विद्यालय सबै ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा हुने यौन दुर्व्यवहारलाई न्युनीकरण गर्न तथा किशोरकिशोरीहरुको गुनासो समाधान गर्नका लागि विद्यालयमा गुनासो कक्ष /सुझाव पेटिकाको व्यवस्थापन तथा गुनासो सुन्ने शिक्षक/अधिकारीको व्यवस्थापन गरी सोको जानकारी यथाशीघ्र यस शाखामा जानकारी गराउन हुन अनुरोध छ ।

## मिति २०७७ पुस १२ देखि २०७७ पुस १७ सम्म गाउँ कार्यपालिका अन्तर्गतका शाखा/एकाई तथा वडा कार्यालयहरुबाट सम्पादित मुख्य मुख्य कार्यहरु

| शाखा/इकाई/केन्द्र | मुख्य मुख्य कामको विवरण |
|---|---|
| **आर्थिक प्रशासन शाखा** | • हालसम्मको आम्दानीः रु ७३,८६,०८७।४६।- (अक्षरुपी त्रिहत्तर लाख छयासी हजार सतासी पैसा छयालीस मात्र)<br>• खर्चः ३३,१५,०३२।- (तेत्तिस लाख पन्ध्र हजार बत्तीस मात्र) |
| आन्तरिक लेखा परीक्षण एकाइ | • प्रथम चौमासिक अवधिको राजस्व नगदी किताब र आम्दानी रसिद जाँच<br>• असुल उपर गर्नुपर्ने बेरूजूको विवरण अद्यावधिक |
| सामाजिक विकास शाखा | |
| **स्वास्थ्य इकाई** | • क्षयरोग निदानका लागि पञ्चासे, लुकुम, काँक्रीका १०० जनाको नमूना खकार संकलन, काँक्रीमा ६ जना व्यक्तिको *Malaria PF* का लागि नमूना संकलन<br>• यौन तथा प्रजजन स्वास्थ्य तालिममा सहजीकरण<br>• कोभिड अस्थायी अस्पतालका लागि जनशक्ति तथा व्यवस्थापनका लागि आवश्यक तयारी र *HMIS Enry* सम्पन्न |
| **महिला बालबालिका तथा समाज कल्याण इकाई** | • कार्यक्रम संख्याः<br>• समूह गठनः ०, समूह बैठक ०,, तालिम सञ्चालनः ०<br>• विभिन्न दिवसीय कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार भएको |
| **सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई / MIS** | • घटना दर्ताः ० सामाजिक सुरक्षा नयाँ इन्ट्री १७ , लगत कट्टा ………३१…… |
| पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा | |
| **भवन तथा मापदण्ड कार्यान्वन इकाई** | • नयाँ घर निर्माण इजाजतः ०<br>• पुरानो घर नक्सा अभिलेखः ० |
| **सडक तथा अन्य पूर्वाधार विकास इकाई** | • सर्वे तथा ल.इ ७, मूल्याङ्कनः २, स्थलगत अनुगमन तथा निर्देशनः ५<br>• कार्य सम्पन्न सिफारिसः ७<br>• बोलपत्र आव्हान सूचनाः २ वटा सडकको बोलपत्र<br>• परामर्श सेवा खरिदका लागि आव्हान सूचनाको मूल्याङ्कन चरणमा |
| **वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन इकाई** | • सरसफाई सम्बन्धी कार्यक्रम कार्यान्वयनः ०<br>• विपद् व्यवस्थापन सम्बन्धी आयोजना/ कार्यक्रमः ०<br>• ढुङ्गा गिट्टी बालुवा उत्खननका लागि ***IEE*** |
| प्रशासन,योजना तथा अनुगमन शाखा | |
| प्रशासन इकाई | • हालसम्मको दर्ताः ८३३, चलानी ७१२, सिफारिस सम्बन्धी कार्यः ८, विविध बैठकः १<br>• प्रथम चौमासिक अवधिको समीक्षा कार्यक्रम सम्पन्न |
| राजस्व इकाई | • यो हप्ताको कूल आम्दानीः १७६७०। - |
| योजना तथा अनुगमन इकाई | • यो हप्ताको (सम्झौताः १५, अनुगमनः १, भुक्तानीः १० )<br>• हाल सम्मको (सम्झौताः १४५, अनुगमनः ३., भुक्तानीः ३० ) |
| कानूनी मामिला इकाई | • कानून ड्राफ्ट संख्याः ० |

| शिक्षा, यूवा तथा खेलकूद शाखा | |
|---|---|
| | • यो हसाको (विद्यालय अनुगमन नभएको, परिपत्र तथा समन्वय २<br>• शिक्षक तलबभत्ता रुजू, कोभिड खोपका लागि शिक्षक विवरण तयार<br>• स्वास्थ्य शिक्षकहरुलाई यौन तथा प्रजजन स्वास्थ्य सम्बन्धी २ दिने तालिम सम्पन्न<br>• युवा प्रतिभा पहिचान कार्यक्रम सम्पन्न<br>• सबै विद्यालयहरुमा लैङ्गिक हिंसा न्यूनिकरणका लागि हेल्प डेस्क र फोकल पर्सन व्यवस्थापनका लागि परिपत्र |
| रोजगार सेवा केन्द्र | हालसम्म बेरोजार सूचीमा सूचीकृतः ७२० काममा लागेका बेरोजगार व्यक्ति संख्याः ८८<br>आयोजना संख्याः १३, आयोजनाको अवस्थाः (सम्झौताः १२ , काम सुरु १२ सम्पन्न ०)<br>प्राविधिक अनुगमनः १ पटक<br>• युवारुप तर्फ ११ सम्झौता भई ८३ जना कामदार काममा लागेको<br>• Cash For Work तर्फ ३ सम्झौता भई २३ जना काममा लागेको |
| सूचना तथा अभिलेख केन्द्र/ स्थानीय आपतकालीन केन्द्र | • विपद् तथ्याङ्क अद्यावधि १० गते देखि यता यो हसामा कुनै विपद्को घटना नघटेको ।<br>• वेबसाइट अद्यावधिः ११ पटक, इमेल पठाइएको सङ्ख्याः १३<br>• ICT Device सपोर्टः ६ पटक,<br>• गाउँपालिका सर्भर प्रभावकारी सञ्चालनका लागि पुनर्नेटवर्किङ भैरहेको |
| कृषि सेवा केन्द्र | • कृषकलाई दिएको परामर्श संख्याः १५ जना कृषकहरुलाई ।<br>• माग संकलन कार्य भैरहेको ।<br>• अनुगमनः कृषि फार्म व्यवस्थापन तथा निर्माण कार्यक्रम अन्तर्गत मध्यपहाडी हिमशिखर बहुउद्देश्यीय कृषि फार्म भूमे १ लुकुम (९।१९) र झोरबाङ कुखुरापालन फार्म भूमे २ काँक्री (९।१९)<br>• रेडियो शिक्षा कार्यक्रममा कृषक(भूमे ८)को सफलताको कथा प्रसारण |
| पशु सेवा केन्द्र | • नियमित पशु चौपाया उपचार संख्याः २२३<br>• पशुपञ्छी निकासी पैठारी चेक जाँचः ४ बङ्गुर |
| वहुक्षेत्रीय पोषण योजना कार्यक्रम | • कार्यक्रम संख्याः ०. कार्यक्रमः हालसम्म कुनैपनि फुकुवा तथा सुचना नआएको हुनाले कार्य सम्पादन नभएको |
| खानेपानी तथा सरसफाई योजना (वास) कार्यान्वयन | • वडा स्तरीय सरसफाई बैठकः समन्वय बैठक २ |
| उद्यम विकास | • तथ्याङ्क संकलन तयारी |
| गरिबसँग विश्वेश्वर कार्यक्रम | समूह गठन र बैठक सम्पन्न |
| वडा नं. १ | • व्यक्तिगत घटना दर्ता संख्याः ………, नागरिकता सिफारिसः ………, अन्य विविध सिफारिस ………, वडा समितिको बैठक ………, अन्य समन्वय बैठक ………, मेलमिलाप संख्या ………, राजस्व आम्दानी ……… विवरण प्राप्त नभएको |
| वडा नं. २ | • व्यक्तिगत घटना दर्ता संख्याः ………, नागरिकता सिफारिसः ………, अन्य विविध सिफारिस ………, वडा समितिको बैठक ………, अन्य समन्वय बैठक ………, मेलमिलाप संख्या ………, राजस्व आम्दानी ……… विवरण प्राप्त नभएको |
| वडा नं. ३ | • व्यक्तिगत घटना दर्ता संख्याः ………, नागरिकता सिफारिसः ………, अन्य विविध सिफारिस ………, वडा समितिको बैठक ………, अन्य समन्वय बैठक ………, मेलमिलाप संख्या ………, राजस्व आम्दानी ……… विवरण प्राप्त नभएको |

| | |
|---|---|
| वडा नं. ४ | • *व्यक्तिगत घटना दर्ता संख्याः* ........, *नागरिकता सिफारिसः* ........, *अन्य विविध सिफारिस* ........, *वडा समितिको बैठक* ........, *अन्य समन्वय बैठक* ........, *मेलमिलाप संख्या* ......., *राजस्व आम्दानी* ........ **विवरण प्राप्त नभएको** |
| वडा नं. ५ | • *व्यक्तिगत घटना दर्ता संख्याः* ........, *नागरिकता सिफारिसः* ........, *अन्य विविध सिफारिस* ........, *वडा समितिको बैठक* ........, *अन्य समन्वय बैठक* ........, *मेलमिलाप संख्या* ......., *राजस्व आम्दानी* ........ **विवरण प्राप्त नभएको** |
| वडा नं. ६ | • *व्यक्तिगत घटना दर्ता संख्याः 2*, *नागरिकता सिफारिसः 2*, **ना.प्र.प. प्रतिलिपी सिफारिसः १**, *अन्य विविध सिफारिस* २, **प्रमाणितः २**, *वडा समितिको बैठक* १, *अन्य समन्वय बैठक* १, *मेलमिलाप संख्या* ०., *राजस्व आम्दानी* ........ |
| वडा नं. ७ | • *व्यक्तिगत घटना दर्ता संख्याः 2*, *नागरिकता सिफारिसः 2*, **ना.प्र.प. प्रतिलिपी सिफारिसः २**, *अन्य विविध सिफारिस* १६, **नाता प्रमाणितः १**, *वडा समितिको बैठक* १, *अन्य समन्वय बैठक* १, *मेलमिलाप संख्या* ०., *राजस्व आम्दानी* ........ |
| वडा नं. ८ | • *व्यक्तिगत घटना दर्ता संख्याः* ........, *नागरिकता सिफारिसः* ........, *अन्य विविध सिफारिस* ........, *वडा समितिको बैठक* ........, *अन्य समन्वय बैठक* ........, *मेलमिलाप संख्या* ......., *राजस्व आम्दानी* ........ **विवरण प्राप्त नभएको** |
| वडा नं. ९ | • *व्यक्तिगत घटना दर्ता संख्याः* ........, *नागरिकता सिफारिसः* ........, *अन्य विविध सिफारिस* ........, *वडा समितिको बैठक* ........, *अन्य समन्वय बैठक* ........, *मेलमिलाप संख्या* ......., *राजस्व आम्दानी* ........ **विवरण प्राप्त नभएको** |

# उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिका, रुकुम (पूर्व)को अपिल!

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।